जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २७६ २०८० साल जेठ २९ गते सोमबार (12 June 2023 Monday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : कोशीबाहेक ६ प्रदेशका नीति तथा कार्यक्रम ३ पृष्ठमा : भीषण वर्षा र चटचाडमा ...४ पृष्ठमा : तातो हावाको लहरबाट...

# पुनःनियुक्ति माग्दै कर्मचारी धर्नामा




नेपाल नगरपालिका कर्मचारी ऐशोसिएशन
इकाई समिती
राजविराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

मिति : २०८०।०२।२८

विषय : प्रेस विज्ञप्ती ।

राजविराज नगर कार्यपालिकाको मिति २०८०।०२।२५ गतेको निर्णयबाट यस कार्यालयमा कार्यरत सम्पुर्ण मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सेवा प्रवाहबाट हटाउदा यस कार्यालयको नियमित, दैनिक सेवा प्रवाहमा असर पर्न गई सेवाग्राहीलाई समेत कठिनाई हुन गएको छ । उक्त निर्णयले विगत लामो समय देखी यस कार्यालयको कामकाज गर्दै आएका कर्मचारीहरुको सिप, दक्षता, कार्ययोग्यता र कार्यअवधि समेत लाई मध्य नजर नगरी बहाहरुको जिवनयापनको आधारमा समेत असर पर्ने गरी गरिएको निर्णयमा यस नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाई समितीको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त निर्णय प्रति इकाई समिती घोर भर्त्सना गर्दछ । साथै उक्त निर्णयमा पुनः विचार होस ।

अध्यक्ष
कल्पना देव
ने.न.कर्मचारी एशोसिएशन इकाई समिति
राजविराज गनरपालिका

**दैनिक समाचारदाता राजविराज, २८ जेठ ।**

राजविराज नगरपालिकाले ६९ जना दैनिक तथा मासिक ज्यालादारी कर्मचारीलाई शुक्रबार हटाउने निर्णय गरेसँगै ती कर्मचारीहरु आन्दोलित भएका छन् । जसअन्तरगत उनीहरु आइतबार कार्यालय खुल्नासाथ नाराबाजी गर्दै कार्यालय प्रवेशद्वार नजिकै धर्ना बसेका छन् ।

मासिक एक करोड भन्दा बढी रकम तलबमै खर्च हुन थालेपछि नगरपालिकाले शुक्रबारदेखी लागु हुने गरि एकै साथ ६९ कर्मचारीलाई हटाएको थियो ।

यता सेवाबाट हटाइएका कर्मचारीहरुले आफूहरुसँग कुनै छलफल र जानकारी समेत नदिई एकासी सेवाबाट हटाइएको सूचना जारि गरेर नगरपालिकाको व्यवस्थापन पक्षले अन्याय गरेको बताएका छन् ।

धर्नामा बसेकी अर्निका कुमारी यादवले विगत ८ वर्षदेखी नगरपालिकाको सामाजिक शाखामा मासिक ज्यालादारीमा कार्यालय सहायक पदमा काम गर्दै आएकी भन्दै पुनःनियुक्ति नगरेसम्म धर्ना जारि रहने बताइन् ।

सेवाबाट हटाइएका मध्ये २० वर्षदेखी मासिक ज्यालादारीमा काम गर्दै आएका कर्मचारी पनि परेका छन् । विगत ६ वर्षदेखी नगरपालिकाको विजुली सडकबत्ति फाँटमा कार्यरत कर्मचारी लव मण्डलले एक्कासी सेवाबाट हटाउँदा बिचल्लीमा परेको दुखेको पोखे ।

यस्तै २० वर्षदेखी मासिक ज्यालादारीमै काम गर्दै आएका सत्रुघन यादवले भने, “अर्को ठाउँमा जागिर गर्ने उमेर पनि नरहेकोले नगरपालिकाको पछिल्लो निर्णयले घर न घाटको बनाएको छ ।”

यसैबीच नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाई समिति राजविराजले एक प्रेस विज्ञप्तिमार्फत कर्मचारी आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ ।

समितिका अध्यक्ष कल्पना देवद्वारा आइतबारै जारि विज्ञप्तिमा नगरपालिकाको सो निर्णयको घोर भर्त्सना गर्दै नगरपालिकाबाट सहज, सरल र छिटो छरितो सेवा प्रदान गर्न तथा लामो समयदेखी काम गरेका कर्मचारीको जिवन यापनको खयाल गरि अलिम्ब सेवाबाट हटाइएका कर्मचारीहरुको पुनःनियुक्ति हुनुपर्ने माग गरिएको छ ।

यस्तै राजविराज नगरपालिकाका निवर्तमान नगर प्रमुख शम्भु प्रसाद यादव तथा निवर्तमान वडा नं. ६ का अध्यक्ष प्रेम कुमार यादवले छुट्टाछुट्टै प्रेस विज्ञप्तिमार्फत कर्मचारीको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै नगरपालिकाद्वारा सेवाबाट हटाइएका कर्मचारीहरुलाई अविलम्ब बहाली गर्नुपर्ने माग गरेका छन् ।

# ७५ वर्षिय बृद्ध र १७ वर्षिय नाबालकद्वारा विषादी सेवन

**दैनिक समाचारदाता राजविराज, २८ जेठ ।**

सप्तरीमा एक ७५ वर्षिय बृद्ध र एक १७ वर्षिय नाबालकले घरासयी विवादमा विषादी सेवन गरेर आत्महत्याका प्रयास गरेका छन् ।

आइतबार जिल्लाको शम्भुनाथ नगरपालिका ३ स्थित एक ७५ वर्षिय बृद्धले विषादी सेवन गरेको प्रहरीले जनाएको छ । सो वडा नरही टोलमा बस्ने ७५ वर्षिय बुल्टेन रामले घरायसी विवादको कारण बारीमा गई किरा मार्न राखिएको करिश्मा नामक विषादी सेवन गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

विषादी सेवन पश्चात् गम्भिर बिरामी भएका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएको छ ।

यस्तै शनिबार जिल्लाकै डाक्नेश्वरी नगरपालिका वडा नं. ७ प्रवाह टोलमा एक नाबालकले विषादी सेवन गरेका छन् । स्थानिय १७ वर्षिय प्रदिप साहले घरयासी

*बाँकी अन्तिम पृष्ठमा*

# आर्थिक संकट समाधान गर्ने गरी बजेट आएको छ : यादव

काठमाडौँ, २८ जेठ (रासस) ।

सांसद दिनेशकुमार यादवले देशको वर्तमान सङ्कटलाई समाधान गर्ने गरी सरकारले बजेट ल्याएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको छलफलमा भाग लिँदै उहाँले भन्नुभयो, “देश अहिले सङ्कटमा छ, त्यो सङ्कटलाई पनि समाधान गर्ने गरी हरेक क्षेत्रलाई समान ढङ्गबाट समावेश गरेर प्रस्तुत भएको बजेटप्रति मेरो समर्थन छ ।”

सांसद यादवले देशको आर्थिक अवस्थालाई सुदृढ गर्न गर्नेथलो मधेसलाई बजेटले छुन नसकेको पनि उहाँले टिप्पणी गर्नुभयो । किसानको लागि सिँचाइको व्यवस्था बजेटमै व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो ।

# मनसुन भित्रिन अनुकूल वातावरण बन्दै

काठमाडौँ, २८ जेठ (रासस) ।

पछिल्लो डेढसाता मुलुकका धेरै स्थानमा अधिकतम् तापक्रमले नयाँ कीर्तिमान राख्दा बढेको अत्याधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भएको थियो । गर्मीका कारण तराई-मधेशमा कृषिदेखि आम मानिसको जनजीवन अस्तव्यस्त हुँदा संसददेखि सामाजिक सञ्जालसम्म विभिन्न प्रतिक्रिया र आवाज उठेका थिए । सबैको एउटै जिज्ञासा थियो गर्मी कहिलेदेखि कम हुन्छ । अब केही दिनभित्रै नेपालमा मनसुन प्रवेदश गर्दैछ ।

नेपालमा मनसुन भित्रिने समय (जेठ ३०) नजिक पुग्दा त्यसका लागि अनुकुल वातावरण बनेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । पछिल्लो ३० वर्षको मौसमी विश्लेषणअनुसार नेपालमा मनसुन भित्रिने समय जेठ ३० गते र बाहिरिने समय असोज १५ गते रहेको देखिन्छ । यस वर्षको मनसुन भित्रिने पूर्वसन्ध्यामा पश्चिमी वायुका साथै बङ्गालको खाडीको जलवाष्पयुक्त हावा र विहार आसपास भएको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव परेको देखिएको छ । यसले निर्धारित समयकै आसपास नेपालमा मनसुन भित्रिन्छ भन्ने सम्भावना बढेको महाशाखाका

*बाँकी अन्तिम पृष्ठमा*

**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

## सम्पादकीय

### तापक्रम बढ्नुमा हाम्रै कमजोरी

अहिले वायुमण्डलमा तातो हावा चलिरहेको छ, घाम निकै चर्किएको छ । शहरी क्षेत्र, जहाँ भीडभाड छ, त्यहाँ खपि नसक्नु गर्मी अनुभव हुन्छ । बन्द कोठामा ताजा हावा बहकिएको छैन । एकातिर घामको राप, अर्कोतिर जमिनको र त्यसमाथि तातो हावा । उकुसमुकुस छ, जनजीवन गर्मीले अस्तव्यस्त छ अहिले । त्यसो त ग्लोबल वार्मिङ्गको असरले वर्षेनी मौसमी तापमान बढ्दै गएको बताइन्छ । यसको तीब्र प्रभाव तराई मधेश एवं शहरी क्षेत्रमा महसुस हुन्छ ।

ग्लोबल वार्मिङ्गले कसरी असर गरिरहेको छ भन्ने कुरा हामीले भोगिरहेका छौं । भोलिको दिनमा यो अवस्था थप चर्को बन्नेमा दुईमत छैन । ग्लोबल वार्मिङ्गले मौसमी चक्रलाई नै प्रभावित बनाइरहेको छ । यसले अन्न बालीदेखि अरु प्राकृतिक कुरालाई पनि असन्तुलित बनाउँदै लगेको छ । हाम्रा सन्ततिको भविष्य कति भयावह बन्ने छ भन्ने कुरामा हामी अब पनि सतर्क हुन सकेनौं भने परिस्थिति हाम्रो काबुभन्दा बाहिर जान बेर लाग्ने छैन । यसी विश्व तापमान बढ्दै जानुमा तपाई हाम्रै गल्ती र कमजोरी छ । एकातिर कलकारखाना, गाडी, विद्युतिय उपकरणको बढ्दो प्रयोग, अर्को तर्फ बनजंगल एवं प्राकृतिक सम्पदाको विनाश नै ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ ।

ग्लोबल वार्मिङ्गको बढ्दो प्रभावबाट बच्न वा यसलाई नियन्त्रण गर्ने दायित्व हाम्रो नै हो । हामीले गर्ने साना तिना गल्ती पनि ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ । यस्ता कुराहरुमा संयमता अपनाएर तथा नियन्त्रण गरेर ग्लोबल वार्मिङ्गलाई केही हदसम्म नियन्त्रण गर्न सहयोग पुग्छ । रुखबिरुवा रोप्ने, संरक्षण गर्ने काममा समेत हाम्रो सक्रियता आवश्यक छ ।

# कोशीबाहेक ६ प्रदेशका नीति तथा कार्यक्रम सार्वजनिक, के छन् नयाँ कार्यक्रम ?

**हेमन्त जोशी**
काठमाडौँ, २८ जेठ (रासस) ।

केन्द्र सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट ल्याइसकेको छ । सङ्घीय संसदमा बजेटमाथिको सामान्य छलफल चलिरहँदा प्रदेशमा भने आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यालयमाथिको छलफल सुरु भएको छ । कोशीबाहेकका प्रदेशले आफ्नो वार्षिक नीति तथा कार्यक्रम ल्याइसकेर बजेटको तयारी सुरु गरेका छन् ।

नेकपा (एमाले) नेतृत्वको सरकार रहेको कोशी प्रदेशमा जनता समाजवादी पाटी (जसपा) र नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिएपछि वार्षिक नीति तथा कार्यक्रम र बजेटसमेत प्रभावित हुने देखिएको छ । राजनीतिक समीकरण नमिल्दा असार १ गतेसम्ममा प्रदेशको बजेट ल्याइसक्नुपर्ने प्रावधान कोशी प्रदेशमा भने मिचिने सम्भावना देखिएको छ ।

छवटा प्रदेश सरकारले प्रदेशसभामा प्रस्तुत गरिसकेका आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम हेर्दा सम्बन्धित प्रदेशका आवधिक योजनाको कार्यान्वयन, वित्तीय अनुशासनको पालना, क्रमागत आयोजना चाँडो निर्माण सम्पन्न गर्नेलगायतका विषय प्राथमिकतामा परेको देखिन्छ । त्यस्तै, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, पर्यटन विकास, कृषिमा आत्मनिर्भरता, गरिबी निवारणमा प्रदेशका नीति तथा कार्यक्रम केन्द्रित छन् ।

**मधेस प्रदेश**

आर्थिक वर्ष २०८०/८१ को मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश प्रमुख हरिशङ्कर मिश्रले जेठ २३ गते प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो । यो नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण, दिगो विकास र पर्यावरण संरक्षण, सुशासन प्रत्याभूतिलगायत विषयलाई प्राथमिकतामा राखेको छ ।

सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने, गैरबजेटरी खर्च न्यूनीकरण गर्ने, कानुनले अनिवार्य गरेको बाहेकमा बजेट नराख्ने, आयोजना बैंकमा राखेर पूर्वतयारी सकिएका आयोजनालाई मात्रै बजेट दिनेलगायतका नीति मधेस प्रदेशको सरकारले लिएको छ ।

मधेस प्रदेशमा कृषि क्षेत्रको सम्भावना विकास तथा प्रवर्द्धनका लागि गुरुयोजना तयार पार्ने, निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरण गर्ने, 'एक टोल एक सामुहिक कृषि उत्पादन', 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रमलगायत योजना कृषि क्षेत्रमा रहेका छन् । 'गौर राइस मिल'लाई प्रदेश सरकारको नियन्त्रणमा ल्याउन पहल गरिने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

गढीमाई मन्दिरको गुरुयोजना बनाइ आवश्यक पूर्वाधार तयार पार्ने, धनुषाधाम संरक्षित वनलाई 'जैविक पार्क तथा वन्यजन्तु उद्दार केन्द्रका रुपमा विकास गर्ने, 'पूर्ण सुरक्षित मातृत्व प्रदेश', 'पूर्ण खोपयुक्त प्रदेश', 'कुपोषणमुक्त प्रदेश'लगायतका कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन् ।

ज्येष्ठ नागरिकलाई सरकारी अस्पतालमा विरामी दर्ता गर्दा शूल्क नलाग्ने तथा प्रदेश र स्थानीय तहका ल्यावमा निःशुल्क परीक्षण गर्ने, ६० वर्ष उमेर समूहमाथिका नागरिकलाई आँखा, दाँत र नाकको निःशुल्क चेकअप गर्नेलगायतका कार्यक्रम स्वास्थ्य क्षेत्रमा छन् । त्यस्तै मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम, प्रदेश बालअस्पताल तथा बाराको भिटकैयामा सरुवा रोग अस्पताल स्थापनालगायतका योजना राखिएको छ ।

प्रत्येक जिल्लामा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने, मधेस विश्वविद्यालयको सम्बन्धनमा प्रत्येक जिल्लामा एउटा कन्या आवासीय कलेज स्थापना गर्ने, सामुदायिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत छात्रालाई एकथान ल्यापटप निःशुल्क उपलब्ध गराउने, कक्षा ८ देखि १० सम्मका छात्रालाई मासिक रुपले निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने लगायतका नीति शिक्षा क्षेत्रमा मधेस सरकारले लिएको छ ।

सडक पूर्वाधार निर्माणतर्फ पालिका केन्द्रलाई प्रदेश राजधानीसँग पक्की सडकसञ्जालमार्फत् जोड्न 'प्रादेशिक एवं स्थानीय सडक सुधार कार्यक्रम' ल्याइएको छ । त्यस्तै, पर्सादेखि सप्तरीसम्म 'मधेस शहीद लोकमार्ग' निर्माण गर्ने, विभिन्न जिल्लामा विस्तृत सम्भाव्यता अध्ययन गरी प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग, र स्थानीय सडकको पहिचान गरी विस्तृत 'इन्भेन्ट्री रिपोर्ट' तयार गरिने जनाइएको छ ।

**बागमती प्रदेश**

बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमलाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले जेठ १४ गते प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो । सार्वजनिक खर्चमा मितव्ययिता, स्रोत साधन परिचालनमा दक्षता र विनियोजन कुशलतमार्फत् आगामी आर्थिक वर्षको बजेटको परिणाममुखी कार्यान्वयनको नीति बागमती प्रदेशले अबलम्बन गरेको छ । नीति तथा कार्यक्रममा वित्तीय सङ्घीयतालाई थप सबल बनाउने, प्रदेश सरकारले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमको न्यूनतम रकम सीमा (थ्रेसहोल्ड) तोकेर निश्चित सीमाभन्दा कम रकमका आयोजना स्थानीय तहमा पठाउने, प्रदेश गौरवका आयोजना छनौट मापदण्ड तर्जुमा गर्ने उल्लेख छ । साथै बहुवर्षीय र क्रमागत आयोजना समयमै सम्पन्न गर्ने, प्रविधिको प्रयोगमार्फत वित्तीय अनुशासन कायम गर्नेलगायतका विषय पनि नीति तथा कार्यक्रममा परेका छन् ।

बागमती प्रदेशका विषयगत नीतिलाई स्वास्थ्यमैत्री बनाउन सबै नीतिमा स्वास्थ्य (हेल्थ इन अल पोलिसी) भन्ने अवधारणा लागू गरिने उल्लेख छ । महिलामा हुने पाठेघरको मुख तथा स्तन क्यान्सर पहिचान गर्न 'शैलजा आचार्य महिला क्यान्सर परीक्षण अभियान' सञ्चालन गरिने जनाइएको छ ।

प्रादेशिक शिक्षा नीति तथा एकीकृत बालविकास र शिक्षासम्बन्धी रणनीति तर्जुमा गर्ने योजना बागमती प्रदेश सरकारको छ । स्थानीय तहको सहकार्यमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गरिने जनाएइको छ । प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् स्थापना गरी प्रदेशका व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु परिषद्मातहत ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ । विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान नवप्रवर्तन र आविष्कारका लागि 'विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष'को स्थापना गर्न कानुनी र संस्थागत विकास गर्ने जनाइएको छ । गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिने पनि बागमती प्रदेशको योजना छ ।

कृषि तथा पशुपक्षीजन्य उत्पादन बढाउन वडा र पालिकालाई पकेट क्षेत्र घोषणा गर्ने, किसानलाई परिचयपत्र वितरण गर्ने, 'एक प्रदेश निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना स्थापना गर्नेलगायतका योजना कृषि क्षेत्रमा छन् ।

सन् २०३० सम्ममा कम्तीमा एउटा पर्यटकीयस्थललाई कार्बन तटस्थ क्षेत्रको रुपमा विकास गर्नका लागि पर्यटकीय सवारी साधनलाई पनि वातावरणमैत्री सवारी साधनका रुपमा रुपान्तरण गर्ने नीति लिइएको छ । तामाङ र नेपाल भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा विकास गर्न कानुन तर्जुमा गर्ने र संस्कृत भाषालाई प्रोत्साहन गरिने पनि बागमती प्रदेशको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

नीति तथा कार्यक्रममार्फत सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षका रुपमा घोषणा गरिएको छ । प्रदेश सडक यातायात गुरुयोजना कार्यान्वयन गर्ने र २०८५ सालभित्रमा बागमती प्रदेशभित्रका सबै स्थानीय तह जोड्ने सडकलाई पक्की सडकमा स्तरोन्नति गर्ने नीति लिइएको छ । काठमाडौँ उपत्यकालगायत मुख्य शहरी सडकको ट्राफिक समस्या समाधानका लागि फ्लाइओभर, सब-वे, आकाशेपुल, बाइपासलगायतका संरचना निर्माण गरिने जनाइएको छ ।

चियाबारी-खुर्कोट, टोखा-छहरे, साँखु-फटिकेश्वर, लामाटार-मानेदोभान, साँगा-पाँचखाल, भक्तपुर खरिपाटी-कुन्ताबेसी, हेटौंडा-चोभारलगायत सुरुङमार्ग निर्माण गर्ने विषय नीति तथा कार्यक्रममा परेका छन् । त्यस्तै, हाल बन्द अवस्थामा रहेको काठमाडौँ-हेटौँडा रज्जुमार्ग (रोपवे) लाई सङ्घीय सरकारसँग समन्वय गरेर पुनःनिर्माण गरिने योजना रहेको छ ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुख पृथ्वीमान गुरुङले जेठ २१ गते प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो । गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा राखिएका लक्ष्य प्राप्तिका लागि पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासन गरी मुख्य सातवटा संवाहकका रुपमा पहिचान भएको नीति तथा कार्यक्रममा उल्लेख छ । गण्डकी प्रदेशबासीको प्रतिव्यक्ति आम्दानी बढाउने, दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने, बहुआयामिक गरिबी न्यूनीकरण गर्ने, प्रदेशभित्र सडक सञ्जालको पहुँच स्थापित गर्ने, रोजगारी बढाउने, शिक्षा तथा स्वास्थ्यलाई सर्वसुलभ र गुणस्तरीय बनाउनेलगायत विषयतर्फ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित छ ।

१० वर्षभन्दा मुनिका बालबालिका तथा ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई प्रदेश सरकार मातहतका अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरूमा ओपिडी सेवा र प्रयोगशाला परीक्षण निःशुल्क गरिने घोषणा नीति तथा कार्यक्रममार्फत् गरिएको छ । भरतपुर क्यान्सर अस्पतालका साथै अन्य सरकारी अस्पतालसँग सम्झौता गरी सबै खालको क्यान्सरको उपचारमा रू एक लाखसम्मको थप आर्थिक सहायता उपलब्ध गराउने नीति गण्डकी प्रदेश सरकारले लिएको छ । तनहुँ, स्याङ्जा र बागलुङमा प्राथमिक उपचार केन्द्र स्थापना गर्ने, प्रदेशभित्रका सबै स्वास्थ्य संस्थामा निःशुल्क 'स्यानिटरी प्याड' उपलब्ध गराउने, गर्भवती तथा सुत्केरीका लागि 'एअर एम्बुलेन्स'को व्यवस्था गर्नेलगायतका कार्यक्रम राखिएका छन् ।

शिक्षा सम्बन्धी प्रदेश कानुन तर्जुमा गर्ने, 'डिजिटल गण्डकी प्रदेश कार्यक्रम'अन्तर्गत युवा तथा विद्यार्थीलाई प्रविधिमा दक्ष बनाउन प्रविधिमैत्री सिकाइमा जोड दिने, विद्यार्थीमा अन्तरनिहित विशिष्ट प्रतिभाको पहिचान र प्रस्फुटन गराउने उद्देश्यले 'फ्राइडे फर फ्युचर' कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यक्रम राखिएका छन् ।

गण्डकी प्रदेशलाई खेलकुद पर्यटन केन्द्रका रुपमा विकास गर्न सुविधासम्पन्न क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया अघि बढाउने योजना छ । त्यसैगरी अन्तर्राष्ट्रियस्तरको कभर्ड हलको सम्भाव्यता अध्ययन गरी निर्माण अगाडि बढाइने र मुस्ताङमा 'हाइ अल्टिच्युड' खेल तालिम केन्द्र स्थापना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गराउने नीति गण्डकी प्रदेश सरकारले लिएको छ ।

'प्रदेश सरकारको साझेदारी, बाँझो रहन्न खेतबारी' अभियान सञ्चालन गर्ने, कृषि वस्तुमा उत्पादनका आधारमा अनुदान दिने,

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## कोशीबाहेक ६ प्रदेशका ...

मस्याङ्दी र कालीगण्डकीलगायत करिडोर क्षेत्रमा कृषिमा आधारित एकीकृत विकासलाई प्राथमिकतामा राखिएको छ । 'एक निर्वाचन क्षेत्र, एक प्रविधिमैत्री स्मार्ट कृषि फार्म'को अवधारणा विकास गरी सामुहिक खेती कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

'जलवायु अनुकुलन सिंचाइ विशेष कार्यक्रम' शुरु गरी पहाडी क्षेत्रमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन साना तथा मझौला प्रकृतिको बाँध निर्माण गर्न उपयुक्त स्थान पहिचान गरेर यो कार्यक्रम अघि बढाइने पनि गण्डकी प्रदेशको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा जनाइएको छ ।

गण्डकी प्रदेशमा उद्यमशीलता विकासमार्फत् रोजगारी सिर्जना गर्न पञ्चवर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने जनाइएको छ । आधुनिक प्रविधिको प्रयोग गरी स्थानीयस्तरमा उत्पादित मदिराको गुणस्तर बढाएर 'ब्राण्डिङ' गर्ने नीति गण्डकी प्रदेशले लिएको छ ।

गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय केन्द्रका रुपमा विकास गर्न पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिने वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ । 'एक प्रदेश निर्वाचन क्षेत्र, एक नमुना घरबास (होमस्टे) कार्यक्रम' सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गरिने तथा हस्तकला, काष्ठकला, मूर्तिकलालगायत स्थानीय उत्पादनको बिक्री वितरण र बजारीकरणका लागि 'कोसेली घर' स्थापनाका लागि प्रोत्साहन गरिने जनाइएको छ । अन्तरप्रदेश समन्वयमा लुम्बिनी-मुक्तिनाथ-कैलाश पर्वत जोड्ने 'मुक्तिमार्ग'को सम्भाव्यता अध्ययन गर्ने पनि गण्डकी प्रदेश सरकारको योजना छ ।

भौतिक पूर्वाधार क्षेत्रमा तनहुँको भिमाददेखि नवलपुरको डेढगाउँ र नवलपुरको डेढगाउँ-भ्र्यालबास खण्ड, भालुवाङको काठेखोलादेखि गलकोट नरेठाँटीसम्म, म्याग्दीको दानादेखि मुस्ताङको घाँसासम्म र लमजुङको शीतलपाटीदेखि नाल्माफेदीसम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गरिने उल्लेख छ । 'एलपी ग्यास'लाई विद्युतीय चुलोले प्रतिस्थापन गर्न कार्यविधि बनाउने तथा बुढी गण्डकी र उत्तरगंगा जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि सङ्घ सरकारसँग समन्वय गर्ने नीति तथा कार्यक्रममा जनाइएको छ ।

प्रदेश सरकारका गतिविधिलाई नागरिक सामु पहुँच बढाउन 'जनतासँग मुख्यमन्त्री कार्यक्रम' कार्यान्वनयमा ल्याइनु जनाइएको छ । प्रदेश मन्त्रालय र मातहतका निकायको फजुल खर्च नियन्त्रण तथा साधारण खर्चमा मितव्ययिता र विकास बजेटमा वृद्धि गरी भौतिक एवं सामाजिक पूर्वाधार विकासमा जोड दिएर गण्डकी प्रदेशले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको छ ।

**लुम्बिनी प्रदेश**

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश प्रमुख अमिक शेरचनले शुक्रबार प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको छ । 'समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश' को दीर्घकालीन सोच पूरा गर्न सेवा प्रवाहमा सुधार, विकास व्यवस्थापन र शासकीय प्रवन्धका कार्य प्रभावकारी रुपमा सञ्चालन गर्ने लक्ष्य लिइएको छ ।

लुम्बिनी प्रदेशले कृषि, खाद्य तथा पोषण कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम, उर्वराशक्ति बढाउन 'माटो व्यवस्थापन कार्यक्रम', स्थानीय उत्पादनको 'ब्रान्डिङ' र बजारीकरण, सिँचाई क्षेत्रको वृद्धिलगायतका योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन् ।

कपिलवस्तुको कृष्णनगरमा बागबानी र अर्घाखाँचीको मालारानीमा बाखाको सरकारी स्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने नीति तथा कार्यक्रममा उल्लेख छ । माछा उत्पादन बढाउन ३५ हेक्टर क्षेत्रफलमा कृत्तिम जलाशय बनाउने योजना पनि लुम्बिनी प्रदेश सरकारको रहेको छ । रोल्पा र पूर्वी रुकुमलाई अल्लो र कम्बल, प्युठानलाई अल्लो, दाङलाई छालाजन्य वस्तु र खुकुरी, गुल्मीलाई कफी, पाल्पालाई ढाका र करुवा, बर्दियालाई बेतबाँस नवलपरासीलाई उखु र केरा उत्पादन हबको रुपमा विकास गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेशलाई श्रमिकमैत्री बनाउन 'श्रमको सम्मानः लुम्बिनी प्रदेशको अभियान' मार्फत् श्रम तथा रोजगार रणनीतिक योजना तर्जुमा गर्ने योजना रहेको छ । 'मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम'मार्फत् सीप सिकाउने र रोजगारी दिने, 'पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रममार्फत् रोजगारमूलक शिक्षाको विकास गर्ने, 'सीप सिकौं, दक्ष बनौं : उद्योग खोलौं, स्वरोजगार बनौं' कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यक्रम ल्याउने योजना लुम्बिनी प्रदेशको रहेको छ । शिक्षा क्षेत्रमा 'प्रदेश प्रमुख शैक्षिक विकास कार्यक्रम' सञ्चालन गर्ने नीति लिइएको छ ।

उच्च मातृ तथा नवजात शिशु मृत्युदरलाई कम गर्न 'पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह, जिल्ला तथा प्रदेश अभियान' सञ्चालन गरिने नीति तथा कार्यक्रममा जनाइएको छ । राप्ती प्रादेशिक अस्पताललाई दुई सय शय्याको अस्पतालका रुपमा स्तरोन्नति गर्ने तथा भालुवाङ अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाउने योजना छ ।

पूर्वाधार क्षेत्रतर्फ प्रदेश गौरवको आयोजनाका रुपमा पाल्पाको रामपुरदेखि रोल्पाको जिनाबाङसम्मलगायत अन्य २० वटा प्रदेशस्तरका राजमार्ग बनाउने योजना रहेको छ । 'एक जिल्ला एक नमूना बस्ती' बनाउने, कृषि पकेट क्षेत्रमा कृषि सडक, पर्यटनस्थल पहुँचमार्ग, सबै स्थानीय तहलाई मुख्य सडकसँग जोड्नेलगायतका योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ ।

बुद्ध जन्मस्थल लुम्बिनीको शान्ति र करुणाको सन्देश विश्वभर फैलाउन नोबेल पुरस्कार विजेता व्यक्तिहरू तथा विभिन्न देशका राजनेताको उपस्थिति रहने गरी 'लोरेट एण्ड लिडर' कार्यक्रम आयोजना गर्ने जनाइएको छ । त्यस्तै लुम्बिनीमा अन्तर्राष्ट्रिय करुणा तथा शान्ति केन्द्र स्थापना गर्न अध्ययन थालिने लुम्बिनी प्रदेशको वार्षिक नीति कार्यक्रममा उल्लेख छ ।

लुम्बिनी क्षेत्र, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने गरी गोल्डेन ट्राइगल सर्किट, दाङ-बाँके- बर्दिया जोड्नेगरी थारु सांस्कृतिक सम्पदा सर्किट, रुकुम पूर्व-पाल्पा-रोल्पा जोड्नेगरी मगर साँस्कृतिक सर्किट र कपिलवस्तु-नवलपरासी-रुपन्देही जोडनेगरी अवधि साँस्कृतिक सम्पदा सर्किटको विकास गरिने नीति तथा कार्यक्रममा भनिएको छ । आगामी दशकलाई लुम्बिनी भ्रमणको दशकका रुपमा मनाइने पनि उल्लेख छ ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुख तिलक परियारले जेठ २१ गते प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो । उक्त नीति तथा कार्यक्रम प्रदेशसभाबाट पारितसमेत भइसकेको छ ।

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योनजाले अङ्गीकार गरेको 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को दीर्घकालीन सोचअनुरुप आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको छ । 'शिक्षा, स्वास्थ्य र रोजगारः त्यसका लागि सुशासन र पूर्वाधार' भन्ने मूल नारालाई अङ्गीकार गरेर कर्णाली प्रदेश सरकारले यो नीति तथा कार्यक्रम ल्याएको हो ।

कर्णाली प्रदेशको मुख्य समस्याका रुपमा रहेको गरिबी अन्त्य गर्न वार्षिक न्यूनतम १० हजार जनालाई रोजगारी सिर्जना गर्ने लक्ष्यसहित 'कर्णाली समृद्धि अभियान' सञ्चालन गर्ने नीति लिइएको छ । कर्णाली प्रदेशले विगतदेखि सञ्चालनमा रहेका मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रम, मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम र मुख्यमन्त्री महिला आयआर्जनलगायतका कार्यक्रमलाई निरन्तरता दिएको छ ।

केन्द्र सरकारले रासायनिक मल कारखाना खोल्ने विषयलाई आफ्नो नीति तथा कार्यक्रम र बजेटको प्राथमिकतामा राख्दा कर्णाली प्रदेशले भने पाङगारिक मल कारखाना खोल्ने विषय आफ्नो नीति तथा कार्यक्रममा राखेको छ । 'प्राङगारिक कृषिमा वृद्धि, कर्णालीको समृद्धि' भन्ने सोच अनुसार प्रदेशको अर्गानिक कृषि अभियानलाई सफल पार्न स्थानीय तहसमेतको लगानीमा यस्तो मल कारखाना खोल्ने योजना छ । 'उत्पादन एकः स्वामित्व अनेक' भन्ने नाराका साथ कल्स्टर खेतीलाई प्रोत्साहन गर्ने, कृषकलाई ज्ञान सीप र प्रविधिबारे जानकारी दिन 'कृषि प्राविधिक परिचालन कार्यक्रम', कृषि उत्पादनको मुनाफा सुनिश्चित गर्न 'परिपूरण कार्यक्रम', 'एक जिल्ला एक उद्योग ग्राम स्थापना', 'एक वडा एक उत्पादन सहकारी'लगायतका योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन् ।

कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याउने, कर्णाली कैलाश पवित्र धार्मिम परिपथ, बोन सम्पदा परिपथ, चारनाथ धाम परिपथ, मष्टो परिपथ, मालिका परिपथ र पञ्चकोशी धाम धार्मिक परिपथ विकासको अवधारणा अघि बढाउने योजना कर्णाली प्रदेशको रहेको छ ।

जडीबुटी सङ्कलनको गन्तव्यका रुपमा रहेका पाटन तथा खर्कहरूको दिगो व्यवस्थापनका लागि 'लेक तथा पाटन संरक्षण कार्यक्रम', प्लास्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न 'वातावरणमैत्री विकास कार्यक्रम'लगायतका योजना राखिएका छन् ।

आगामी आर्थिक वर्षलाई नागरिक स्वास्थ्य परिक्षण वर्षका रुपमा मनाउने कर्णाली प्रदेशको योजना रहेको छ । त्यस्तै शिक्षा क्षेत्रतर्फ 'एक जिल्ला एक नमुना विद्यालय' निर्माण गर्ने, पढ्दै-सिक्दै-कमाउँदै कार्यक्रम र एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रमलाई पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ ।

पूर्वाधार क्षेत्रतर्फ कर्णाली करिडोर, कर्णाली राजमार्ग, भेरी करिडोर, राप्ती लोकमार्ग, थारमारे-चौरजहारी-जुम्ला (सहिद कामी बुढामार्ग), धो मरिम-दुनै-पातारासी-रारा-लिमी (कैलाश मानसरोवर दर्शन क्षेत्र) हुँदै मुक्तिनाथ जोड्ने सडक विकास योजना तयार गरी क्रमशः कार्यान्वयनमा लैजान जनाइएको छ ।

विकट हिमाली क्षेत्र र विपन्न बस्तीका खर र माटोका छाना भएका घरमा जस्तापात तथा अन्य प्रविधिका छानो लगाउनका लागि 'सुरक्षित छाना अभियान' सञ्चालन गर्ने कर्णाली प्रदेश सरकारको योजना रहेको छ । त्यस्तै हिमाली क्षेत्रको एकीकृत बस्तीमा आवश्यक पूर्वाधार निर्माणका लागि 'बस्ती सुधार कार्यक्रम' सञ्चालन गरिनेछ । कर्णाली प्रदेशमा निजी क्षेत्रको लगानी आकर्षित गर्न लगानी सम्मेलन गर्ने विषय पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेश प्रमुख देवराज जोशीले जेठ २४ गते बुधबार आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योनजाको कार्यान्वयन, उद्यमशीलता विकास, रोजगार कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन, गरिबी न्यूनीकरणलगायत कार्यक्रमलाई प्राथमिकतामा राखेर विकास कार्यक्रम तर्जुमा गर्ने नीति लिइएको छ ।

चालु खर्चलाई वाञ्छित सीमाभित्र राखेर पुँजीगत खर्च बढाउने र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न एकीकृत आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गर्ने योजना सुदूरपश्चिम सरकारको रहेको छ । त्यसैगरी लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य प्राप्ति र जलवायु अनुकुल हुने गरी वार्षिक विकास कार्यक्रम ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ । बहुवर्षीय, क्रमागत र अधुरा आयोजनालाई निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

प्रदेश गौरवका आयोजनाको छनौटसम्बन्धी मापदण्ड परिमार्जन र आयोजना बैंक निर्माण पनि प्रदेशको प्राथमिकतामा परेका छन् । वित्तीय पहुँच विस्तार, प्रभावकारी आन्तरिक लेखा परीक्षण, बेरुजु फछ्र्यौट, राजस्व परिचालन क्षमता विस्तारलगायत विषयहरु सुदूरपश्चिम सरकारको नीति तथा कार्यक्रममा राखिएको छ ।

कृषि क्षेत्रमा विभिन्न नयाँ कार्यक्रम घोषणासहित पुराना कार्यक्रमको प्रभावकारी कार्यान्वयनको प्रतिवद्धता सुदूरपश्चिम सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत् जनाएको छ । 'प्रदेश सरकार, कृषकको सहयोगी' नाराका साथ कृषि क्षेत्रमा विद्युत् पहुँच, कृषि बीमा, कृषि कर्जा, मलखाद तथा बिउबिजनको सहज उपलब्धता हुने गरी कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै, 'कृषिमा आन्मनिर्भर सुदूरपश्चिम प्रदेश अभियान'मार्फत् आगामी पाँच वर्षमा दलहन, मसलाबाली र फलफूलमा आत्मनिर्भर हुने नीति लिइएको छ । तरकारी, आलु, खाद्यान्न बिउ, केरा, दूध, मासु र अण्डामा आत्मनिर्भर हुनेगरी विशेष कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । 'व्यावसायिक कृषिका लागि शून्य ब्याज' भन्ने नाराका साथ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना गर्ने, कृषि उत्पादनको व्यवसायिकरणका लागि 'बृहत् एवम् विशेष उत्पादन तथा औद्योगिकीकरण कार्यक्रम' सञ्चालन गर्ने, रैथाने बालीको प्रवर्द्धन गर्ने, 'एक स्थानीय तह, एक कृषि पाठशाला' कार्यक्रम सञ्चालन गर्ने नीति सुदूरपश्चिम सरकारले लिएको छ ।

'एक जिल्ला, एक उद्योग कार्यक्रम' सञ्चालन गर्ने, विदेशबाट फर्किएका दुई सय युवालाई स्टार्टअप कर्जा उपलब्ध गराउने, 'मुख्यमन्त्री एकीकृत पर्यटन विकास कार्यक्रम' तर्जुमा गरी लागू गर्ने, अपि साइपालको बेसक्याम्पसम्म पदमार्ग तथा विश्रामस्थल निर्माण गर्ने लगायत महत्वाकांक्षी योजना वार्षिक नीति तथा कार्यक्रममा परेका छन् ।

शिक्षा क्षेत्रमा 'मुख्यमन्त्री शैक्षिक पूर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रम' लागू गर्ने, 'वादी उत्थान छात्रवृत्ति कार्यक्रम' सञ्चालनमा ल्याउने, विपन्न र सीमान्तकृत समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षातर्फ एमबीबीएस र एमडीसम्मको अध्ययनका लागि छात्रवृत्ति दिने योजना नीति तथा कार्यक्रममा परेको छ ।

'मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम' लागू गरेर स्वास्थ्य सेवा विस्तार, 'सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान', 'स्वास्थ्य सुरक्षाका लागि बीमा कार्यक्रमलगायतका नीति सुदूरपश्चिम सरकारले लिएको छ । पूर्वाधार आयोजनातर्फ गोदावरी–अत्तरिया-धनगढी चौराहा सडकखण्डमा मोनोरेलको सम्भाव्यता अध्ययन गर्ने सुदूरपश्चिम सरकारको योजना छ ।

# विश्व समाचार

## भीषण वर्षा र चटयाङमा परेर अट्ठाइस जनाको मृत्यु, एक सय चालीसभन्दा बढी घाइते

इस्लामाबाद, २८ जेठ (रासस/एएनआई) ।

पाकिस्तानको खैबर पख्तुनख्वा र पञ्जाबका विभिन्न भागमा शनिबार परेको भारी वर्षा र चटयाङका कारण कम्तीमा २८ जनाको मृत्यु भएको छ भने एक सय ४० जनाभन्दा बढी घाइते भएका छन् ।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार खैबर पख्तुनख्वा को बन्नु, डेरा इस्माइल खान, करक र लक्की मारवतमा वर्षाका कारण २५ जनाको मृत्यु भएको छ भने एक सय ४५ जना घाइते भएका छन् । बाढीका कारण ६९ घरमा आंशिक क्षति भएको । पाकिस्तानी प्रसारण संस्था जियो न्यूजले जनाएको छ ।

प्राधिकरणका अनुसार करकमा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । वर्षाका कारण डेरा इस्माइल खानमा एक बालकको मृत्यु भएको छ । अन्य दुई जना घाइते भएका छन् ।

बाढी प्रभावित खैबर पख्तुनख्वाका सबै क्षेत्रमा खोजी तथा उद्धार जारी छ । पीडितलाई राहत सामग्री उपलब्ध गराइएको तथा त्यो अहिले जारी रहेको उद्धारकर्मीले बताएका छन् । घाइतेलाई अस्पताल पुऱ्याइएको छ ।

आँधीबेहरीसहितको भारी वर्षाले पञ्जाब प्रान्तका धेरै क्षेत्रमा भौतिक क्षति भएको छ । प्रान्तका सरगोधा, गुजरनवाला, फैसलाबाद अधिक प्रभावित भएका छन् ।

## डढेलोमा परी पूर्वी कजाकिस्तानमा कम्तीमा तीन जनाको मृत्यु

अस्ताना, २८ जेठ, (रासस/सिन्ह्वा) ।

पूर्वी कजाकिस्तानको अबाइ क्षेत्रमा बिहीबारदेखि जङ्गलमा लागेको डढेलोमा परी तीन जनाको मृत्यु भएको छ भने ११ जना बेपत्ता भएका छन् ।

आगो निभाउने, खोजी र उद्धारकार्यमा ८०० भन्दा बढी मानिस परिचालित भएका छन् । जोखिममा रहेका करिब ७०० बासिन्दालाई विस्थापित गरी आश्रयस्थलहरू पुनःस्थापना गरिएको छ ।

उच्च तापक्रम, तीव्र हावाको हावाहुरीका बाबजुद पनि भयावह स्थिति नियन्त्रणमा ल्याइएको कजाखको आपतकालीन अवस्था मन्त्रालयको अग्नि सेवा समितिका अध्यक्ष नुरबोलाट डर्बिसोभले बताउनु भएको छ ।

## भीडन्तमा तीन सैनिक र तीन आतङ्ककारीको मृत्यु

इस्लामाबाद, २८ जेठ (रासस/सिन्ह्वा) ।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको उत्तरी वजिरिस्तान जिल्लामा सुरक्षा बल र आतङ्ककारीबीच भएको भीडन्तमा तीन सुरक्षाकर्मी र तीन आतङ्ककारीको मृत्यु भएको छ ।

आतङ्ककारिसँगको गोली हानाहानमातीन तीनजना सैनिकले पनि ज्यान गुमाएका छन् । मारिएका आतङ्ककारीहरूबाट हतियार र गोलाबारुद बरामद गरिएको छ ।

यस क्षेत्रमा फेला परेका अन्य आतङ्कवादीहरूलाई हटाउनको कारबाही तीव्र पारिएको छ ।

## पाकिस्तानको कराँचीमा बन्दुकधारीले आक्रमण गर्दा दुई जना प्रहरीको मृत्यु

इस्लामावाद, २८ जेठ (रासस/सिन्ह्वा)

पाकिस्तानको दक्षिणी बन्दरगाह शहर कराँचीमा अज्ञात बन्दुकधारीले आक्रमण गर्दा दुईजना प्रहरीको ज्यान गएको छ ।

प्रहरीका अनुसार शनिबार साँझ सो शहरको सोहराब गोठ क्षेत्रमा प्रहरीको मोबाइल भ्यानमा गस्तीमा रहेका प्रहरीले मोटरसाइकलमा आएका केही शङ्कास्पद व्यक्तिलाई देखेर रोकिन सङ्केत गर्दा उनीहरूले प्रहरी माथि गोली चलाएका थिए ।

मृतकको शव स्थानीय अस्पतालमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताइएको छ ।

# तातो हावाको लहरबाट कस्ता असर पर्छन् र कसरी जोगिने ?

काठमाडौँ, २८ जेठ (रासस)।

नेपालमा पछिल्लो समयमा तातो हावाको लहर (हिट वेभ) जारी छ। यो तराईका जिल्लामा बढ्दो छ। तापक्रम वृद्धि हुँदा जनजीवन प्रभावित भएको छ भने कृषि बालीमा असर परिरहेको छ। यो क्रम अझै केही दिन जारी रहने मौसमविद्हरूले बताएका छन्। तराईका जिल्लामा ४० डिग्रीभन्दा माथि तापक्रम छ।

तातो हावाको लहर बढ्दा कतिपय स्थानमा तापक्रमले 'रेकर्ड ब्रेक' नै गरेको छ। इलाम, नवलपुर, धरान, ओखलढुङ्गालगायत क्षेत्रमा रेकर्ड ब्रेक भएको मौसमविद्ले बताएका छन्।

यस्तो अवस्थाबाट कसरी जोगिने, केके गर्न सकिन्छ भन्ने विषयमा खास तयारी छैन। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले अब भने तयारी थालिएको बताउनुभयो। यसको असर र यसबाट बच्ने उपायका बारेमा चिकत्सक डा पवनकुमार शाहले केही 'टिप्स' दिनुभएको छ।

उहाँका अनुसार तातो हावाको लहरले मानिसलाई मृत्यसम्म पनि गराउन सक्ने भएकाले सावधानी अपनाउनु जरुरी छ। सुरुमा यसले चिलाउने, साना बिमिरा देखिने हुनसक्छ। त्यसबाट इन्फेक्सन भयो भने ठूला घाउ, खटिरा पनि बन्न सक्ने उहाँले बताउनुभयो। यस्तै खुट्टा सुनिने, रिङटा लाग्ने र बेहोस पनि हुन सकिन्छ। रक्तचाप घट्नेलगायतका लक्षण पनि देखिन सक्ने उहाँले बताउनुभयो।

काम गर्ने व्यक्तिमा 'डिहाइड्रेसन' (निर्जलीकरण) हुनसक्ने बढी खतरा हुन्छ। यस्तो बेलामा तिर्खा बढी लाग्ने, टाउको दुख्ने पनि हुन्छ। वृद्धवृद्धा, बालबालिका तथा कमजोर व्यक्तिहरू कोमामा पनि जान सक्ने खतरा हुन्छ। हात खुट्टा बाउँडिने, अलिक बढी नै भयो भने वान्ता आउने र वान्ताका क्रममा फोक्सोमा पुग्यो भने मानिसको मृत्यु हुनसक्ने उहाँले बताउनुभयो।

यसका लागि शीतल ठाउँमा बस्नु नै यसको उपयुक्त उपचार हो। प्रशस्त पानी पिउने, घाममा धेरै नहिँड्ने, दिउँसो काम नगर्ने गर्दा पनि यसबाट जोगिन सकिन्छ। लक्षणअनुसारको उपचार हुने भन्दै डा शाहले तातो स्थानबाट चिसो ठाउँमा राख्ने, मसाज गर्ने, जीवनजल खुवाउने, कतिपय खुट्टामा असर परेको बेला खुट्टा उठाएर चिसो ठाउँमा राख्दा पनि कम हुँदै जाने बताउनुभयो। यति हुँदा पनि कम भएन भने चिकित्सकको निगरानीमा उपचार गराउनुपर्ने उहाँले सुझाव दिनुभएको छ।

## मनसुन भित्रिन...

मौसमविद् रोजन लामिछानेले बताउनुभयो।

उहाँले भन्नुभयो, "शनिबारदेखि नै कोशी प्रदेशमा तापक्रम घटिरहेको छ, बादल बनिरहेको छ र मनसुनका लागि आवश्यक अनुकूल वातावरण बन्दै गएको अवस्था देखिन्छ।" आन कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ।

साथै कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो। देशभर वृद्धि भएको अधिकतम् तापक्रम आइतबारदेखि कम हुँदै जाने र पश्चिम तराई क्षेत्रमा बढेको तापक्रम केही दिन स्थिर रहने महाशाखाको भनाइ छ।

## ७५ वर्षिय बृद्धा र ..

बादबिबादको कारण घास मार्ने बिषादी (खतार) सेवन गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो विषादी सेवन पश्चात् गम्भिर बिरामी भएका उनलाई छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएको छ।

# पुरानो नेकपा ब्युँझाउँछ : माधव नेपाल

भक्तपुर, २८ जेठ (रासस)।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो पार्टी अर्को कुनै पार्टीमा गएर विलय नहुने बताउनुभएको छ। शनिबार भक्तपुरमा एकीकृत समाजवादीको प्रथम जिल्ला अधिवेशनमा बोल्दै उहाँले एकीकृत समाजवादी अर्को पार्टीमा विलय हुन्छ भन्ने भ्रममा नपर्न आग्रह गर्नुभयो।

अध्यक्ष नेपालले भन्नुभयो, "कसै-कसैलाई लागेको छ, हाम्रो पार्टी अरु कुनै पार्टीमा गएर विलय हुनेछ, एमालेमा त आफैँ रुवाबासी चलिरहेको छ। तर हामी कतै विलय हुँदैनौँ, बरु हामी पुरानो पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ब्युँताउन तयार छौँ।"

उहाँले कम्युनिष्ट सबै मिलेर अघि बढ्नुपर्ने आवश्यकता आएको चर्चा गर्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली तयार भए नेकपा ब्युँताउन आफू तयार रहेको बताउनुभयो। एमालेका अध्यक्ष ओलीले आफू अध्यक्ष पदबाट हट्नुपर्ला भनेर ७० वर्षको उमेरहद हटाएको बताउँदै अध्यक्ष नेपालले आफू सल्लाहकारमा बसेर युवालाई जिम्मेवारी नदिए एमाले पनि सकिने बताउनुभयो।

उहाँले चारवटा पार्टी मिलेर मोर्चा बनाउने तयारी गरिरहेको बताउनुभयो। अध्यक्ष नेपालले भन्नुभयो, "बालुवाटारमा हिजो प्रधानमन्त्री पुष्पकमल दाहाल, नेकपा विप्लव समूहका नेता विप्लव, जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादव र राजेन्द्र श्रेष्ठ, हाम्रो पार्टीबाट म आफैँ र प्रवेश हमाल बसेर समाजवादका पक्षमा चारवटा पार्टी एक ठाउँमा बसेर मोर्चा बनाऔँ, सडक, संसद्मा आवाज बुलन्द गरौँ र सरकारमा बसेर राम्रो काम गरौँ भन्नेबारेमा छलफल भयो। यसबारेमा केही समयमै हामी सहमतिमा पुग्ने गरी छलफल गर्छौं।"

नेपालको राजनीति प्रतिगामी दिशामा लैजाने प्रयास भइरहेको भन्दै उहाँले राजावादीले टाउको उठाउने कोसिस गरे पनि त्यसलाई सफल हुन नदिने बताउनुभयो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी



## सामाजिक सञ्जालक प्रयोगमे सजगता अपनाबू

- सामाजिक सञ्जालक पासवर्ड गोप्य राखू आऽ लगआउट करए नहि बिसरु।
- बिना अनुमति केकरो तस्विर वा भिडिओ नहि खिंचूआऽ सामाजिक सञ्जालमे नहि राखू।
- अपरिचित व्यक्तिको साथी बनबाक प्रस्ताव स्वीकार नहि करु।
- सामाजिक सञ्जालमे चिनजान भेल आधारमे भेटए नहि जाउ।
- अमर्यादित व्यवहार सामाजिक सञ्जालमे नहि करु।
- कोनो प्रकारक भ्रामक, आधिकारिकता नहि भेल सूचना, सन्देश, तस्वीर तथा भिडियो शेयर नहि करु, नहि कराबू।
- व्यक्तिक मर्यादा, सम्मान आ प्रतिष्ठामे आँच आबएबाला सूचना तथा सन्देश पोष्ट नहि करुं।
- अशोभनीय तथा शंकास्पद संदेशके प्रतिवाद करु। उक्त सन्देश प्रमाणके लेल सुरक्षित राखू।
- जौं असुरक्षित महशुस होइ तऽ अविलम्ब पुलिसके खबर करु।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np